खरीद गराउने बन्दोबस्त भएकोले सर्वसाधारणका जानकारीका लागी यो सूचना प्रकाश गरिएको छ। टिकट महसूलको भा. रु. मा जुन दर ठेकिएको छ या ठेकिन्छ, त्यसैको बैंक रेटले हिसाब गरेर मो.रु. मा तिर्ने हो, सो मितिउप्रान्त काठमाडौंमा हवाई टिकट भा. रु. मा खरीद गर्न बन्द गरिएको छ ।

आज्ञाले —
नीरराज,
का० मु० सेक्रेटरी–अर्थविभाग

## अर्थ [ आय ] विभागको सूचना

पत्रसंख्या १७।ठा१ ख १३२७ ०१२।५।६।५

०११।८।१४ को संख्या १६ भाग २ को गजेटमा प्रकाशित गुपटा फिटीको नियममा विनामहसुल निकाशी पैठारी गर्न पाइने खाद्यान्नमा धान पर्ने गरको नदेखिनाले १२।४।०१२ का निर्णयानुसार उपरोक्त नियमको दफा (ख) १ मा इस प्रकार संशोधन गरिएको छ।

(ख) १- चामल, च्यूरा, पिठो, दालहरू, भद्मास एक जहानलाई एक पाथीसम्म र धान दश सेरसम्म ।

आज्ञाले—
नीरराज,
का० मु० सेक्रेटरी–अर्थविभाग.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १५

मिति २०१२।५।८।४

स्वास्थ्य-विभागान्तर्गत सेन्ट्रल मेडिकलस्टोर काठमाडौंलाई एक जना सुपरिन्टेन्डेन्ट चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।